# नयाँ मुस्लिमको लागि संक्षिप्त उपयोगी पुस्तिका

मुहम्मदअश्-शहरी

المختصر المفيد للمسلم الجديد -نيبالي

بيان الإسلام
Bayan AL-Islam

ح جمعية الدعوة و الارشاد وتوعية الجاليات بالربوة ، ١٤٤٥هـ

الشهري ، محمد
المختصر المفيد للمسلم الجديد - نيبالي. / محمد الشهري ؛ جمعية
خدمة المحتوى الاسلامي باللغات - ط١. .- الرياض ، ١٤٤٥هـ
٥١ ص ؛ ..سم

رقم الإيداع: ١٤٤٥/٢٠٩١٣
ردمك: ٩٧٨-٦٠٣-٨٤٥٠-٢٠-٨

## Partners in Implementation

Content Association

Rowad Translation

Rabwah Association

Byenah

This publication may be printed and disseminated by any means provided that the source is mentioned and no change is made to the text.

Tel : +966 50 244 7000
info@islamiccontent.org
Riyadh 13245-2836
www.islamiccontent.org

# नयाँ मुस्लिमको लागि संक्षिप्त उपयोगी पुस्तिका


संकलन

मुहम्मदअश्-शहरी



१४४१-२०२०

**बिस्मिल्लाहिर्रहमानिर्रहीम**

(अत्यन्त करूणामय परमदयालु

अल्लाहको नामबाट शुभारम्भ गर्दछु) ।

## भूमिका

सम्पूर्ण किसिमका प्रशंसा एवं महिमाहरू अल्लाहकै लागिहुन् । हामीउहाँकै प्रशंसा गर्दछौं र उहाँकै गुणगान गाउदछौं । हामी उहाँसंग मद्दत माँग्छौं र उहाँबाटै क्षमा चाहन्छौं । हामी आफ्नो जीवको दुष्टता र कुकर्म बाट उहाँकै शरणमा पर्छौं । महान अल्लाहले जसलाई मार्गदर्शन गर्नु हुन्छ, उसलाई कोही पथभ्रष्ट गर्नसक्दैन रजसलाई उहाँलेनै पथभ्रष्ट गर्नुहुन्छ, उसलाई कोही मार्गदर्शन गर्नसक्दैन । अल्लाह बाहेक अरू कोही सत्य पूज्य छैन र मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) उहाँको सच्चा भक्त र रसूल हुन भन्ने कुराको म गवाहीदिन्छु ।

तत्पश्चातः अल्लाहले मानव लाई सम्मान, प्रतिष्ठा र धेरै जसो आफ्नो सृष्टिहरू माथि श्रेष्ठता प्रदान गर्नुभएको छ । अल्लाहले भन्नु भएको छ :

﴿ وَلَقَدْ كَرَّمْنَا بَنِيٓ ءَادَمَ ...﴾[الإسراء: ٧٠]

"हामी ले आदमका सन्तानहरूलाई सम्मानित गरेका छौं । "(अल्-इस्रा : ७०)

अनि अल्लाहले आफ्ना सर्वश्रेष्ठ विश्वव्यापी सन्देष्टा मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) लाईपठाएर, सम्पूर्ण ग्रन्थहरू मध्ये उत्कृष्ट ग्रन्थ कुर्आन अवतरण गरेर र उत्कृष्ट जीवन पद्धति

इस्लाम धर्म लाई रोजेर यस समुदायको मानसम्मानलाई अझैं उच्च गर्नु भएको छ ।महानअल्लाहलेभन्नुभएकोछः

﴿كُنْتُمْ خَيْرَ أُمَّةٍ أُخْرِجَتْ لِلنَّاسِ تَأْمُرُونَ بِالْمَعْرُوفِ وَ تَنْهَوْنَ عَنِ الْمُنْكَرِ وَ تُؤْمِنُونَ بِاللَّهِ وَ لَوْ آمَنَ أَهْلُ الْكِتَابِ لَكَانَ خَيْرًا لَهُمْ مِنْهُمُ الْمُؤْمِنُونَ وَ أَكْثَرُهُمُ الْفَاسِقُونَ﴾[آل عمران:١١٠]

"तिमीहरू उत्कृष्ट समुदाय हौ । अल्लाहले तिमीहरूलाई मानव जातिको निम्ति पठाउनुभएको छ । तिमीहरू सत्कर्मको आदेश दिन्छौ र दुष्कर्मबाट रोक्छौ अनि अल्लाहमाथि ईमान राख्छौ । यहूदी र ईसाईहरूले पनि ईमान ल्याएको भए तिनीहरूको लागि राम्रो हुनेथियो । तिनीहरू मध्ये केही आस्थावान हुन् तर अधिकांश काफिर हुन् ।"(आलेइम्रान : ११०)

संसार को अमूल्य वरदान; इस्लामलाई आत्म सात गर्न पाउनु, यसको विधि विधान र नियम अनुसार जीवन यापन गर्नु र दृढता का साथ त्यसैमा कायम रहनु भनेको भक्त माथि अल्लाहको ठूलो अनुकम्पा हो । यस सानो पुस्तिकामा अत्यन्तै महत्वपूर्ण सामग्रीहरू समावेश गरिएका छन् । एउटा नयाँ मुस्लिमले इस्लाम कबूल गरेपश्चातको आरम्भिक कालमा जान्नै पर्ने इस्लामका आधारभूत विषयवस्तुलाई एकदमै सरल भाषामा संक्षिप्त र मिठो तरिकाले तयार पारिएको छ । यदि उसले यी विषयवस्तुलाई बुझ्छ र त्यही अनुसार कर्म गर्छ भने अझै उसलाई आफ्नो ईश्वर, रसूल र दीन (इस्लाम) प्रति जानकारी प्राप्त गर्ने उत्सुकता बढ्नेछ, अनि उसले ज्ञान र बौद्धिकता को

आधारमा अल्लाहको उपासना गर्छ र रसूल (सल्लल्लाहुअलैह्विवसल्लम) को सुन्नत (तरिका) को अनुसरण गर्छ अनि अल्लाहको यसरी सामीप्यता प्राप्ति द्वारा उसको ईमान मा अझैं वृद्धि हुन जान्छ ।

हेअल्लाह ! यस किताब को प्रत्येक शब्दमा बर्कत (कल्याण) प्रदान गर्नुहोस्, इस्लाम र मुस्लिमहरुलाई यसको लाभ उठाउने तौफीक (सुअवसर) दिनुहोस्, र यो कुनैदेखावटी नभएर तपाईंको लागि खास होस्र यसको सवाब (पुण्य) जीवित र मृत सम्पूर्ण मुस्लिमहरूलाई प्राप्त होस् (आमीन) ।

वसल्लल्लाहु अला नबीयेना मुहम्मद वअला आलेही वसहबेही अजमईन ।

मुहम्मद बिनअश-शैबहअश्-शहरी

२/११/१४४१ह्जिरी

## मेरोईश्वर (प्रतिपालक), अल्लाह हो

अल्लाहले भन्नु भएको छ :

﴿يَا أَيُّهَا النَّاسُ اعْبُدُوا رَبَّكُمُ الَّذِى خَلَقَكُمْ وَ الَّذِينَ مِنْ قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُونَ﴾[البقرة:٢١]

हे मानवहो ! आफ्नो त्यस पालनकर्ता को भक्ति गर । जसले तिमी र तिमी भन्दा पूर्वका सम्पूर्ण मानव लाई सृष्टि गर्नुभयो, ताकि तिमी सत्कर्मी (संयमी) बन ।(अल्-बकरह : २१)

अल्लाहले भन्नुभएको छ :

﴿هُوَ اللّٰهُ الَّذِى لَا إِلَهَ إِلَّا هُوَ﴾[الحشر:٢٢]

"त्यो अल्लाह नै हो जस बाहेक अरू कोही उपास्य छैन । "(अल्-हश्र: २२)

अल्लाह ले भन्नु भएको छ :

﴿لَيْسَ كَمِثْلِهِ شَىْءٌ وَ هُوَ السَّمِيعُ الْبَصِيرُ﴾[الشورى:١١]

"उस जस्तो अरु कोही छैन, ऊ सर्वश्रोता र सर्वद्रष्टा छ ।" (अश्-शूरा : ११)

मेरो र यस सिङ्गो संसारको सृष्टिकर्ता अल्लाहनै हुनुहुन्छ । उहाँ नै हाम्रो स्वामी, सृष्टिकर्ता, अन्नदाता र प्रबन्धक हुनुहुन्छ ।

हो, उपासना योग्य मात्र अल्लाहनै हुनुहुन्छ, उहाँ बाहेक नत कोही रब (पालनकर्ता) छ नत पूज्यनै ।

अल्लाहका अति सुन्दरनाम र उत्कृष्ट विशेषता हरू छन् । जुन अल्लाहले स्वयम् आफ्नो लागि वा उहाँको दूतले उहाँको लागि प्रमाणित गर्नुभएको छ । ती नाम र विशेषताहरू

परिपूर्णता र सुन्दरता को चरम सीमा सम्म पुगेका छन्, वास्तवमा, त्यस अल्लाह जस्तो अरुकोही छैन र उहाँ सर्व श्रोता र सर्वद्रष्टा हुनु हुन्छ ।

उहाँका नामहरू मध्ये हो :

अर्रज्जाक (अन्नदाता) अर्रहमान (अत्यन्तदयालु), अल-कदीर (सर्वशक्तिमान), अल-मलिक (राजा), अस्समीअ (सर्वश्रोता), अस्-सलाम (शान्तिदाता) अल-बसीर (सर्वद्रष्टा), अल-वकील (संरक्षक), अल-खालिक (सृष्टिकर्ता), अल-लतीफ (सूक्ष्मदर्शी), अल-काफी (पर्याप्त) अल-गफूर (क्षमाशील) इत्यादि ।

अर्रज्जाक (अन्नदाता): यस पृथ्वीमा रहेका सम्पूर्ण प्राणी हरूको उहाँलेनै रोजी रोटी, भरण पोषण र जीविको पार्जनको जिम्मेवारी लिनु भएको छ ।

अर-रहमान (अत्यन्तदयालु): उहाँको असीमित दया र करुणाले सिङ्गो संसारलाई समेटेको छ ।

अल-कदीर (सर्वशक्तिमान) : यस्तो परिपूर्ण र नितान्त शक्तिशाली जसलाई नत थकान महसुस हुन्छ नत कुनै कमजोरी नै ।

अल-मलिक (सम्राट): उहाँनै महानता, अधि पत्यशाली र प्रबन्धक एवं संयोजक हुने जस्ता विशेषता दवारा विशेषित छन्, तसर्थ उहाँ समस्त कुराको स्वामी र प्रबन्धक र संयोजक हुनुहुन्छ ।

अस्समीअ (सर्वश्रोता) : यस्तो सर्वश्रोता जसले जाहेर गोप्य हरेक किसिमको आवाजलाई राम्ररी सुन्नुहुन्छ ।

अस्-सलाम : उहाँ हरेक किसिमको कमी कमजोरी, अवगुण र दोषहरु बाट पवित्र हुनुहुन्छ ।

अल्-बसीर (सर्वद्रष्टा): यस्तो सर्व द्रष्टा जसको दृष्टिले हरेक चिजलाई समेटेको छ । हरेक अन्तर्दृष्टि र गोप्यतालाई राम्रो सँग जान्नु हुन्छ, चाहे त्यो जति सानो र मसिनो किनन होस् ।

अल्-वकील : जुन आफ्नो अनगिन्ती सृष्टिको पालन पोषण, संरक्षण र हेरचाह गर्नुहुन्छ । त्यसै गरी आफ्नो सृष्टिको जीविको पार्जन को जिम्मा लिएर उनीहरुको जीवन लाई एकदमै सहज बनाई दिनु भएको छ ।

अल्-खालिक (सृष्टिकर्ता) : शून्य बाट बिना उदाहरण वा नमुना नै सम्पूर्ण सजीव तथा निर्जीव वस्तुहरूको सृष्टिकर्ता ।

अल्-लतीफ : जुन आफ्ना भक्तहरूको पुकार र गुहार लाई सुन्नुहुन्छ । उनीहरूको इच्छा र आकांक्षा हरूलाई पुरागर्नु हुन्छ । र उनीहरू माथि दया दृष्टि राख्नु हुन्छ ।

अल्-काफी : उहाँ आफ्ना भक्तहरूका लागि पर्याप्त हुनु हुन्छ ती समस्त कुराहरूमा जसको उनीहरूलाई आवश्यकता हुन्छ । र त्यसैको सहायता पर्याप्त हुन्छ र त्यस द्वारा मान्छे त्यसबाहेकका अरूसबै बाट निस्पृह भइहाल्छ ।

अल-गफूर (क्षमाशील): जुन आफ्ना भक्तहरूलाई उनीहरूको पापको दुष्टता बाट जोगाउँछ र त्यस पाप माथि तिनीहरूलाई सजाय दिन्न ।

मुस्लिमले अल्लाहको अद्भुत सृष्टि को संरचना र सुविधामा चिन्तन गर्छन् । र त्यसै मध्ये हो कि: एउटा बच्चा जब सम्म

आफैंमा निर्भर हुँदैन तबसम्म उसको आमाले उसलाई हरेक तरिकाले हेर चाह र मार्गदर्शन गर्दछ । एउटा कमजोर शिशुलाई चाहिने हरेक कुराहरुको चाँजोपाँजो अल्लाहले मिलाई दिनु भएको छ । हो, अल्लाह अति महान र परमदयालु हुनुहुन्छ ।

## मेरो नबी, मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) हुनुहुन्छ

महान अल्लाहले भन्नुभएको छ :

﴿لَقَدْ جَاءَكُمْ رَسُولٌ مِنْ أَنْفُسِكُمْ عَزِيزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيصٌ عَلَيْكُمْ بِالْمُؤْمِنِينَ رَءُوفٌ رَحِيمٌ﴾[التوبة:١٢٨]

हे अरब समुदाय हो! तिमी हरूकै समुदाय बाट एकजना रसूलको आगमन भएको छ । तिमीहरू माथि आइ लाग्ने सङ्कट ले उहाँलाई दुखित तुल्याउँछ । उहाँ तिमीहरूको मार्गदर्शन चाहनुहुन्छ । उहाँ मोमिनहरू प्रति अत्यन्तै करुणामय अनि दयावान हुनु हुन्छ ।(अत्-तौबा : १२८)

महान अल्लाहले भन्नुभएको छ :

﴿وَ مَا أَرْسَلْنَاكَ إِلا رَحْمَةً لِلْعَالَمِينَ﴾[الأنبياء:١٠٧]

हेरसूल (सल्लल्लाहु अलैहि वसल्लम)! हामीले तपाईं लाई सम्पूर्ण सृष्टिका लागि सर्वथा दया बनाएर पठाएका छौं ।(अल्-अम्बिया: १०७)

व्यापक दयावान र मार्गदर्शी सन्देष्टा; मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम)

उहाँ मुहम्मद पुत्र अब्दुल्लाह (सल्लल्लाहुअलैहिवसल्लम) हुन्, जुन समस्त दूत र सन्देष्टा हरूको समापक हुन्, जिन लाई

महान अल्लाहले इस्लाम धर्म दिएर सम्पूर्ण जात वर्गका लागि विश्व व्यापी सन्देष्टा बनाएर पठाउनुभयो, ताकि तिनीहरूलाई भलाई र सत्कर्म को उपदेश देउन्, जस मध्ये सबै भन्दा ठूलो एकेश्वरवाद (तौहीद) हो र कुकर्म बाट मिनाही गरून्, जस मध्ये सबै भन्दा ठूलो बहुदेववाद (शिर्क) हो ।

उहाँ को आदेशको पालना गर्नु, उहाँ ले दिनु भएको सूचना मा विश्वास गर्नु, उहाँले हराम (निषेध) गर्नु भएको कुरा बाट टाढा रहनु र उहाँको तरिका अनुसारनै अल्लाहको उपासना गर्नु अनिवार्य छ ।

उहाँ र उहाँ भन्दा पहिलेका सम्पूर्ण सन्देष्टा (रसूल) हरू को उद्देश्य एउटै थियो; र त्यो हो मात्र एक अल्लाहको उपासना गर्ने र उहाँको उपासनामा अरुकसैलाई साझेदार नगर्ने आह्वान ।

उहाँ (सल्लल्लाहुअलैहिवसल्लम) का केहीगुणहरु :

इमानदारी, दया, सहनशीलता, धैर्यता, वीरता, उदारता, उच्चतम नैतिकता, न्याय, नम्रता, क्षमाइत्यादि ।

## पवित्र कुरआन, मेरो प्रति पालक को वाणी हो

महान अल्लाहले भन्नुभएको छ :

﴿يَا أَيُّهَا النَّاسُ قَدْ جَاءَكُم بُرْهَانٌ مِّن رَّبِّكُمْ وَ أَنزَلْنَا إِلَيْكُمْ نُورًا مُّبِينًا﴾[النساء:١٧٤]

हे मानव हो! तिमी हरूको प्रभुबाट प्रमाण आइसकेको छ र हामीले तिमीहरू तर्फ स्पष्ट प्रकाश (कुरआन) अवतरित गरि सकेका छौं । (अन्-निसा : १७४)

यो कुरआन अल्लाहको वाणी हो जसलाई अल्लाहले आफ्नो पैगम्बर मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) माथि अवतरण

गर्नुभएको छ । ताकि उहाँले मानिसहरूलाई अँध्यारो बाट उज्यालो तर्फ ल्याउन उनीहरूलाई सीधा मार्गमा डोर्याउन् ।

जसले यस कुरआनलाई पढ्छ, उसले अत्यधिक पुण्य पाउनेछ र जसले कुरआन अनुकूल आफ्नो जीवन व्यतित गर्छ, उसले सही मार्ग अनुसरण गर्दछ ।

## इस्लाम का आधार हरूको परिचय

रसूल (सल्लल्लाहुअलैहिवसल्लम) ले भन्नु भएको छः "इस्लाम पाँच कुराहरू माथि आधारित छः अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) अल्लाहका रसूल हुन भन्ने कुराको गवाही दिनु, सलाह (नमाज) कायम गर्नु, जकात (दान) दिनु, रमजान को ब्रत बस्नु र हज्ज गर्नु ।"

प्रत्येक मुस्लिम ले यी आधारहरूमा विश्वास र त्यसै अनुरुप अनिवार्य रूपले कर्म गर्नु पर्छ नत्र उसको इस्लाम मान्य हुँदैन । किनकि इस्लाम यी पाँच कुराहरूमाथि आधारित छ, त्यसैले यसलाई इस्लामका आधारहरू भनिन्छ ।

यी आधारहरू निम्न हुन् :

पहिलो आधारः शहादह अर्थात अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) अल्लाहका सन्देष्टा हुन भन्ने कुराको गवाही दिनु ।

महान अल्लाहले भन्नु भएको छः

﴿فَاعْلَمْ أَنَّهُ لَا إِلَهَ إِلَّا اللَّهُ﴾[محمد:١٩]

हे रसूल (सल्लल्लाहुअलैहिवसल्लम)! स्पष्ट हुनु होस्, अल्लाह बाहेक अरूकोही वास्तविक उपास्य छैन । (मुहम्मद: १९)

अल्लाहले भन्नु भएको छ :

﴿لَقَدْ جَاءَكُمْ رَسُولٌ مِّنْ أَنفُسِكُمْ عَزِيزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيصٌ عَلَيْكُم بِالْمُؤْمِنِينَ رَؤُوفٌ رَّحِيمٌ﴾[التوبة:١٢٨]

हे अरब समुदाय हो! तिमी हरूकै समुदाय बाट एक जना रसूलको आगमन भएको छ । तिमीहरू माथि आइलाग्ने सङ्कट ले उहाँलाई दुखित तुल्याउँछ । उहाँ तिमीहरूको मार्गदर्शन चाहनुहुन्छ । उहाँ मोमिनहरू प्रति (आस्थावानहरूप्रति) अत्यन्तै करुणामय अनि दयावान हुनु हुन्छ ।(अत्-तौबा : १२८)

लाइलाहइल्लल्लाह को अर्थ: अल्लाह बाहेक अरु कोही सत्य ईश्वर छैन ।

मुहम्मद अल्लाहका रसूल हुन भन्ने कुराको गवाही दिनुको अर्थ हो: उहाँको आदेशको पालना गर्नु, उहाँले दिनुभएको सूचनामा विश्वास गर्नु, उहाँले हराम (निषेध) गर्नु भएको कुरा बाट टाढा रहनु र उहाँले वैधानिक गरेको तरिका अनुसारनै अल्लाहको उपासना गर्नु ।

## दोस्रो आधार : सलाह कायम गर्नु (नमाज आयोजित गर्नु)

महान अल्लाहले भन्नु भएको छ:

﴿وَأَقِيمُوا الصَّلَاةَ﴾[البقرة:١١٠]

"सलाह (नमाज) कायम गर ।"(अल्-बकरह : ११०)

सलाह कायम गर्नु भनेको जसरी सर्वशक्तिमान अल्लाहले

सलाह पढ्न आदेश दिनुभएको छ र रसूल (सल्लल्लाहुअलैह्विसल्लम) ले सिकाउनु भएको छ त्यही तरिका अनुसार पढ्नु हो ।

## तेस्रो आधार: जकात (धर्मदाय) दिनु

महान अल्लाहले भन्नु भएको छ :

"जकातदेऊ ।"(अल्-बकरह : ११०) [البقرة:١١٠]﴿وَآتُواالزَّكَاةَ﴾

हाम्रो ईमानको सत्यतालाई जाँचगर्न, धनसम्पत्ति प्रदान गरिएको मा अल्लाहको कृतज्ञता व्यक्त गर्न र दीन-दुःखी र गरीबहरूको सहयोग र समस्या निवारण का लागि अल्लाहले जकात लाई अनिवार्य गर्नुभए को हो ।

जकात दिनु भनेको जकातलाई हकदार व्यक्तिहरू सम्म पुर्याउनुहो ।

जब मानिस को धनसम्पत्ति इस्लामले तोकेको परिमाण (निसाब) मा पुग्छ तब त्यस बाट जकात दिनु अनिवार्य भइहाल्छ । अल्लाहले कुर्आनमा वर्णन गर्नुभएको ८ किसिमका हकदार व्यक्तिहरू लाई जकात दिनु पर्छ, जस मध्ये गरीब र दीन-दुःखीहरू हुन् ।

जकात दिदा एउटा मुस्लिममा भएको उच्च आचरण, कृपा, दया र एक अर्कालाई सहयोग गर्ने भावना झल्किन्छ । उसको व्यक्तित्व र धन सम्पत्तिको शुद्धी करण हुन्छ । दीन-दुःखी र गरीबहरूको समस्या निवारण हुदै जान्छ । मुस्लिम समुदायका सदस्यहरू बीच प्रेम, आपसी मेल मिलाप भाइचारा को सुदृढी

करण हुन्छ । त्यसैले एउटा सच्चा मुस्लिमले अरुको खुशीको लागि दिल खोलेर हाँसीहाँसी जकात दिनेगर्छ ।

सुन, चाँदी, नगदी जिन्सी र खरीद बिक्रीको लागि तयार पारिएको व्यवसायिक वस्तुहरू इस्लामले तोकेको निसाब (मात्रा) सम्म पुगेको छ र चन्द्रमा को हिसाबले एकवर्ष बितिसकेको छ भने २,५% को दरले जकात निकाल्नु पर्छ ।

त्यसै गरी गाईवस्तु (ऊँट, गाई र भेडा बाख्राहरू) निश्चित संख्यामा छन्, प्रायःजसो बाहिर चर्ने गर्छन्र मालिकले त्यसको आहाराको व्यवस्था गर्न नपर्ने किसिमको छ भने त्यसमा जकात निकाल्नु पर्छ ।

त्यस्तै गरी भूमि बाट उत्पादित अन्न, फलफूल, खनिज र खजानाहरू यदि इस्लामले तोकेको निसाब (मात्रा) सम्म पुग्छन भने त्यसमा जकात निकाल्नु पर्छ ।

## चौथो आधार : रमजान महिना को ब्रत बस्नु

महान अल्लाहले भन्नु भएको छः

﴿يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُتِبَ عَلَيْكُمُ الصِّيَامُ كَمَا كُتِبَ عَلَى الَّذِينَ مِنْ قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُونَ﴾[البقرة:١٨٣]

हे मोमिन हरू हो! अल्लाहले तिमीहरू माथि व्रत अनिवार्य गर्नुभएको छ, जसरी तिमीहरू भन्दा अघिका समुदायहरू माथि अनिवार्य गरिएको थियो । ताकि तिमीहरू संयमी बन्नसक ।(अल्-बकरह : ११०)

रमजानः यो इस्लामी (हिज्री) पात्रो अनुसार नवौं महिना हो ।

मुस्लिमहरू का लागि यो सबैभन्दा पवित्र र वर्षकै सर्वोत्तम महिना हो । रमजान महिना को व्रत बस्नु इस्लामको चौथो महत्वपूर्ण आधार हो ।

व्रतको अर्थ: प्रात:काल (फज्र को अजान) देखि सूर्यास्त (मग्रिबको अजान) सम्म खान पिन, सम्भोग तथा ब्रत लाई भङ्ग गर्ने समस्त क्रिया कलापहरू बाट टाढा बसेर अल्लाहको उपासना गर्नु भनेको ब्रत (रोजा) हो । मुस्लिमले हरेक बर्ष पुरा एक महिना को वर्त बस्नु पर्ने हुन्छ ।

## पाँचौं आधार: अल्लाहको पवित्र घरको हज्ज गर्नु

महान अल्लाहले भन्नु भएको छ :

﴿وَ لِلَّهِ عَلَى النَّاسِ حِجُّ الْبَيْتِ مَنِ اسْتَطَاعَ إِلَيْهِ سَبِيلًا﴾[آل عمران:٩٧]

“अल्लाहको घर सम्म पुग्न सामर्थ्य राख्ने व्यक्ति माथि यस घरको हज्ज (तीर्थयात्रा) गर्नु अनिवार्य छ ।”(आलेइम्रान :९७)

आर्थिक र शारीरिक रूपमा सामर्थ्य व्यक्तिले जीवनमा एकपटक अनिवार्यरूपमा हज्ज गर्नु पर्छ । हज्ज गर्नुको अर्थ हो: विशेष इबादत गर्ने मनसायले, विशेष महिनामा विशेष तरिकाले मक्का र त्यहाँका अन्य पवित्रस्थल हरूको यात्रा गरेर गर्नु पर्ने हुन्छ । रसूल (सल्लल्लाहुअलैहिवसल्लम) ले हज्ज गर्नु भयो र उहाँभन्दा पहिले का रसूलहरूले पनि हज्जगरे । इब्राहीम (अलैहिस्सलाम) ले अल्लाहको आदेश अनुसार काबाको (कअ्बाको) हज्ज गर्न आह्वान गरेका थिए । अल्लाहले कुरआनमा भन्नु भएको छ :

﴿وَ أَذِّنْ فِي النَّاسِ بِالْحَجِّ يَأْتُوكَ رِجَالًا وَ عَلَىٰ كُلِّ ضَامِرٍ يَأْتِينَ مِنْ كُلِّ فَجٍّ عَمِيقٍ﴾
"मानिसहरू लाई (यसघरको) हज्ज गर्न आह्वान गर, [الحج:٢٧]
उनीहरू तिमी कहाँ हिँडेर र दुब्लो पात्लो ऊँटहरूमा चढेर दुनियाँको कुना काप्चाबाट आउने छन् ।"(अल्हज्जः२७)

## ईमानका ६ वटा आधारहरू

ईमानको बारेमा प्रश्नगरिएको मा रसूल (सल्लल्लाहुअलैहिवसल्लम) ले यसरी जवाफ दिनुभएको थियो: "तिमी अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू, कियामत (महाप्रलय) कोदिन र आफ्नो राम्रो–नराम्रो भाग्य माथि आस्था राख ।" (मुस्लिम: ८)

ईमानका आधारहरू मानिसको हृदय देखि गरिने सत्कर्महरू हुन् जुन प्रत्येक मुसलमान माथि अनिवार्यछ । प्रत्येक मुस्लिमले ईमानका आधारहरूमा विश्वास र त्यसै अनुरुप कर्म गर्नु पर्छ, होइन भने उसको इस्लाम मान्य हुँदैन । त्यसैले यी सत्कर्म हरूलाई ईमानका आधारहरू भनिन्छ ।

ईमान र इस्लाम बीचको भिन्नता: इस्लाम भनेको भौतिक रूपमा गरिने सत्कर्महरु हुन्, जस्तैः मुखले इस्लाम आत्मसात गरेको घोषणा गर्नु, सलाह पढ्नु, जकात दिनु इत्यादि । र ईमान भनेको मनबाट गरिने सत्कर्महरु हुन्, जस्तैः अल्लाह र उहाँका ग्रन्थ र रसूलहरूमाथि आस्था राख्नु ।

ईमानको अर्थ र अवधारणा: कुनै पनि मुस्लिम को ईमान भन्नाले अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू,

कियामत (महाप्रलय) को दिन र राम्रो-नराम्रो भाग्य माथि दृढ विश्वास गर्नु हो । र अल्लाहको रसूल मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) को पूर्ण अनुसरण गर्नु, जस्तैः मुखले लाइलाहाइल्-लाल्लाह भन्नु, कुरआनको तिलावत (पाठन) गर्नु, सुब्हानल्लाह, अल्लाहु-अकबरभन्नु, अल्लाहको प्रशंसा गर्नु इत्यादि ।

त्यसै गरी सलाह पढ्नु, हज्ज गर्नु र रमजान महिनाको ब्रत बस्नु इत्यादि । त्यसै गरी हृदय देखि अल्लाहलाई प्रेम गर्नु, उहाँ सित डराउनु, उहाँ माथि भरोसा गर्नु, उहाँको निष्ठा पूर्वक इबादत उपासना गर्नु इत्यादि ईमान अन्तर्गत पर्दछन् ।

विज्ञहरू निकट संक्षेपमा ईमान (आस्था) कोपरिभाषाः हृदय देखि विश्वास गर्नु, मुखले घोषणा गर्नु र त्यसै अनुसार कर्म (अमल) गर्नुनै ईमान हो । सत्कर्मले ईमान बढ्छ र कुकर्मले घट्छ ।

## पहिलो आधार: अल्लाह माथि आस्था राख्नु

महान अल्लाहले भन्नु भएको छ :

﴿إِنَّمَا الْمُؤْمِنُونَ الَّذِينَ آمَنُوا بِاللَّهِ﴾[النور:٦٢]

"वास्तव मा, आस्थावानहरू केवल तीव्यक्तिहरू हुन्, जो अल्लाह माथि विश्वास गर्छन् ।" (अन्-नूर : ६२)

अल्लाह माथिको आस्थाले तौहीदका तिनै किसिमहरू; रूबूबियत, उलूहियत र अस्मा-वसिफात लगायत निम्न कुराहरूलाई समा विष्ट छ :

महान अल्लाहको अस्तित्व माथि आस्था राख्नु ।

अल्लाहको रूबूबियत माथि (प्रति पालक हुने कुरा माथि) आस्था राख्नु । र यो कि उहाँ सबै कुरा को स्वामी, सृष्टिकर्ता, प्रबन्धक र नियन्त्रक हुनु हुन्छ ।

अल्लाहको उलूहियत (ईश्वरत्व) माथि आस्था राख्नु । र यो कि उहाँनै इबादत (उपासना) योग्य हुनु हुन्छ र उहाँको उपासनामा अरु कोही साझेदार छैनन्, जस्तैः सलाह, रोजा (व्रत), भाकल, कुर्बानी, मद्दत माग्ने, शरण लिने र अन्य सबै उपासनाहरू ।

अल्लाहका ती अस्मा-वस्सिफात (उहाँका ससुन्दर नाम र उत्कृष्ट विशेषता हरू) माथि आस्था राख्नु जसलाई उहाँ स्वयंले आफ्नो लागि वा उहाँको रसूलले उहाँको लागि जुन नाम र विशेषताहरू प्रमाणित गर्नु भएको छ त्यसलाई स्वीकार गर्नु र जुन नाम र विशेषता लाई उहाँ स्वयंले वा उहाँको रसूलले उहाँको लागि इन्कार (अस्वीकार) गर्नु भएको छ त्यस लाई इन्कार गर्नु । उहाँका नाम र विशेषताहरू उत्कृष्टता र सुन्दरताको चरम सीमा सम्म पुगेका छन् । उहाँ जस्तो अरु कोही छैन र उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुनु हुन्छ ।

## दोस्रो आधार : फरिश्ताहरू माथि (स्वर्गदूतहरूमाथि) आस्था राख्नु

महान अल्लाहले भन्नु भएको छः

﴿الْحَمْدُ لِلَّهِ فَاطِرِ السَّمَاوَاتِ وَ الْأَرْضِ جَاعِلِ الْمَلَائِكَةِ رُسُلًا أُولِي أَجْنِحَةٍ مَثْنَى وَ ثُلَاثَ وَ رُبَاعَ يَزِيدُ فِي الْخَلْقِ مَا يَشَاءُ إِنَّ اللَّهَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ﴾[فاطر:١]

"सम्पूर्ण प्रकार का प्रशंसाहरू अल्लाहकै लागि हुन्, जसले बिना कुनै अघिल्लो उदाहरण आकाशहरू र पृथ्वीको सृष्टि गर्नु भएको छ । दुई-दुई, तीन-तीन र चार-चार पखेटा भएका फरिश्ता हरूलाई सन्देश पुर्याउन नियुक्त गर्नुभएको छ । उहाँ आफ्नो सृष्टिमा जे चाहनु हुन्छ वृद्धि गर्नु हुन्छ । वास्तवमा अल्लाह हरेक कार्यको सामर्थ्य राख्नु हुन्छ ।"(सूरहफातिर : १)

हामी यो आस्था राख्दछौं कि उनीहरू संसारका अदृश्य प्राणी र अल्लाहका भक्त हुन्, र उनीहरू ज्योति बाट सृष्टि गरिएका हुन्, र उनीहरू अल्लाहका आज्ञाकारी भक्त हुन् ।

र उनीहरू एक महान रचना हुन्, उनीहरूको सामर्थ्य र संख्या अल्लाह बाहेक कसै लाई थाहा छैन । ती मध्ये प्रत्येकको छुट्टै नाम र विशेषता छन् अनि त्यही अनुसार उनीलाई कार्यभारहरू सुम्पिएको छ, जिनमध्ये 'जिब्रील' (अलैहिस्सलाम) लाई सन्देष्टा हरू सम्म प्रकाशना (वह्य) पुर्याउने जिम्मेवारी इत्यादि ।

## तेस्रो आधार: किताबहरू माथि (ईश्वरीय ग्रन्थहरू माथि) आस्था राख्नु

महान अल्लाहले भन्नुभएको छः

﴿قُولُوا آمَنَّا بِاللَّهِ وَ مَا أُنْزِلَ إِلَيْنَا وَ مَا أُنْزِلَ إِلَى إِبْرَاهِيمَ وَ إِسْمَاعِيلَ وَ إِسْحَاقَ وَ يَعْقُوبَ وَ الْأَسْبَاطِ وَ مَا أُوتِيَ مُوسَى وَ عِيسَى وَ مَا أُوتِيَ النَّبِيُّونَ مِنْ رَبِّهِمْ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْهُمْ وَ نَحْنُ لَهُ مُسْلِمُونَ﴾[البقرة:١٣٦]

हे मुस्लिम हरू! तिमीहरू सबैले भनिदेऊ कि हामी अल्लाह माथि, र जुन किताब हामी तिर उतारियो, र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक, यअ्कूब र उनका सन्ततिहरूलाई प्रदान

गरियो, तिनी माथि र जुन मूसा र ईसा लाई प्रदान गरियो र जुन अन्य पैगम्बरहरूलाई तिनको पालनकर्ता बाट प्रदान गरिए, तिनी माथि सम्पूर्ण आस्था राख्दछौं । हामीले ती पैगम्बरहरूमा कुनै भेद भाव गर्दैनौं र हामी उही एक अल्लाहको आदेश पालन गर्नेहरू हौं । (अल्-बकरह : १३६)

सम्पूर्ण आकाशीय ग्रन्थहरू अल्लाहका वाणी हुन भनेर दृढ विश्वास गर्नु । र यो कि महान अल्लाहले भक्तहरूको मार्गदर्शनको लागि यी आकाशीय ग्रन्थहरूलाई सत्यताको साथ सन्देष्टाहरू माथि अवतरण गर्नुभएको छ ।

र अल्लाहले आफ्नो नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्पूर्ण जात वर्गको लागि विश्वव्यापी रसूल बनाएर पठाउनुभयो, र उहाँको विधान (शरीअत) ले विगतका सम्पूर्ण विधानहरूलाई रद्द (स्थगित) गरेको छ । अल्लाहले कुरआन लाई विगतका सम्पूर्ण ग्रन्थहरू माथि प्रभुत्व प्रदान गर्नु भएको छ, र अल्लाहले स्वयम्नै कुनै पनि परिवर्तन र फेर बदलबाट कुरआनको सुरक्षाको जिम्मा लिनुभएको छ । अल्लाहले भन्नु भएको छ :

﴿إِنَّا نَحْنُ نَزَّلْنَا الذِّكْرَ وَ إِنَّا لَهُ لَحَافِظُونَ﴾[الحجر:٩]

“निस्सन्देह हामीले नै कुरआन अवतरण गरेकाछौं र हामीले नै यसलाई सुरक्षित राख्नेछौं ।”(अल्-हिज्र : ९)

किन कि पवित्र कुरआन अल्लाहले मानव जाति तिर अवतरित गर्नुभएको अन्तिम धर्मग्रन्थ हो, र उहाँको नबी

मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्पूर्ण दूतहरुका समापक र अन्तिम सन्देष्टा हुनुहुन्छ, र इस्लाम धर्म नै त्यो धर्म हो जसलाई अल्लाहले कयामत सम्म आउने सम्पूर्ण मानव जातिको लागि रोज्नु भएको छ । अल्लाहले भन्नु भएको छ :

﴿إِنَّ الدِّينَ عِنْدَ اللَّهِ الْإِسْلَامُ﴾[آل عمران:١٩]

निस्सन्देह अल्लाहको दृष्टिमा मान्य भएको धर्म इस्लाम हो । (आलेइम्रान :१९)

सर्व शक्तिमान अल्लाहले कुरआनमा उल्लेख गर्नुभएका केही आकाशीय ग्रन्थहरूको नाम यस प्रकार छन् :

पवित्र कुरआनः यस लाई अल्लाहले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित गर्नु भएको हो ।

तौरातः यसलाई अल्लाहले आफ्नो सन्देष्टा मूसा (अलैहिस्सलाम) माथि अवतरित गर्नु भएको हो ।

इन्जीलः यसलाई अल्लाहले आफ्नो सन्देष्टा ईसा (अलैहिस्सलाम) माथि अवतरित गर्नु भएको हो ।

जबूरः यसलाई अल्लाहले आफ्नो सन्देष्टा दाऊद (अलैहिस्सलाम) माथि अवतरित गर्नुभएको हो ।

सुहुफे-इब्राहीमः यी अल्लाह द्वारा आफ्नो सन्देष्टा इब्राहीम (अलैहिस्सलाम) माथि अवतरित गरिएका केही धर्म शास्त्रहरू हुन् ।

## चौथा आधारः रसूल (सन्देष्टा) हरू माथि आस्था राख्नु

महान अल्लाहले भन्नु भएको छः

﴿وَ لَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَّسُولاً أَنِ اعْبُدُواْ اللَّهَ وَ اجْتَنِبُواْ الطَّاغُوتَ﴾[النحل:٣٦]

"हामी ले प्रत्येक समुदायमा रसूल पठायौं, ताकि उनीहरूले केवल एक अल्लाहको उपासना गर्न र उहाँबाहेक सम्पूर्ण मिथ्या उपास्यको उपासना देखि टाढा रहन आह्वान गरून् ।" (अन्-नहल : ३६)

केवल एक अल्लाहको उपासना गर्न, उहाँको उपासनामा अरु कसैलाई साझेदार नबनाउन र उहाँबाहेक सम्पूर्ण मिथ्या उपास्यको उपासना देखि टाढा रहन आह्वान गर्न अल्लाहले प्रत्येक समुदायमा नबी-रसूल पठाउनु भएको कुरामा दृढ विश्वास राख्नु ।

र यो कि सम्पूर्ण नबी-रसूलहरू पुरुष जाति बाट र अल्लाहका सच्चा भक्त, इमान्दार र सत्यवान, पथ प्रदर्शित र पथप्रदर्शक थिए । विभिन्न किसिमका चमत्कार र निशानी हरू द्वारा अल्लाहले उनीहरू नबी-रसूलहरू भएको सत्यता लाई प्रमाणित गर्नु भयो, र अल्लाहले उनी हरुलाई सुम्पिनु भएका ती सबैकुरा हरू प्रभावकारी ढंगले अ-आफ्ना समुदायहरू माझ पुर्याएका थिए, र उनीहरू सबै सत्य, स्पष्ट र सही मार्गमा थिए ।

प्रथम दूत देखि अन्तिम दूत सम्म सबैले केवल एक अल्लाहको उपासना गर्न र उहाँको उपासनामा अरु कसैलाई साझेदारी नगर्न (धर्म को मूल मर्म तिर) आह्वान गरे ।

## पाँचौं आधार: अन्तिम दिन (प्रलयको दिन) माथि आस्था राख्नु

महान अल्लाहले भन्नु भएको छः

﴿اللَّهُ لَا إِلَٰهَ إِلَّا هُوَ لَيَجْمَعَنَّكُمْ إِلَىٰ يَوْمِ الْقِيَامَةِ لَا رَيْبَ فِيهِ وَمَنْ أَصْدَقُ مِنَ اللَّهِ حَدِيثًا﴾[النساء:٨٧]

अल्लाह बाहेक कोही सत्य उपास्य छैन । उहाँले तिमीहरू सबैलाई कियामत (महाप्रलय) को दिन एकत्रित गर्नु हुनेछ, जसको आउनु मा कुनै शंका छैन । अल्लाह भन्दा बढी सत्य वचन अरु कसको हुन सक्छ र ? (अन्-निसा : ८७)

कियामत (अन्तिमदिन) को बारेमा अल्लाहले आफ्नो किताब कुरआनमा वा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हदीसमा भन्नुभएको सबै कुराहरू माथि पूर्ण विश्वास गर्नु । जस्तैः मानवको मृत्यु, पुनः जीवित पारे र उठाइनु, सिफारिस, ठूलो काँटा (तुला) द्वारा कर्मको लेखा जोखा र हिसाब–किताब अनि कर्मको आधारमा स्वर्ग र नर्क तय गर्नु, र यस बाहेक ती अन्य कुराहरू जुन प्रलय सित संलग्न छन् ।

## छैठौं आधार: राम्रो-नराम्रो भाग्य माथि आस्था राख्नु

महान अल्लाहले भन्नु भएको छः

﴿إِنَّا كُلَّ شَيْءٍ خَلَقْنَاهُ بِقَدَرٍ﴾[القمر:٤٩]

हामीले हरेक वस्तुलाई एउटा निर्धारित माप र अनुमान मा सृष्टिगरेका छौं । (अल्-कमर : ४९ )

यस संसारमा सृष्टिहरू माथि हुने सम्पूर्ण घटना हरूको पूर्ण ज्ञान

र जानकारी अल्लाहलाई छ भन्ने कुरामा आस्था राख्नु, यसर्थ यी समस्त महान अल्लाहले निर्धारित गरे अनुसार नै घटित हुन्छन् । र यो कि मानवको सृष्टि अघिनै यी सबै कुराहरू लेखिएका थिए । र मान्छेको आफ्नो इच्छा शक्ति हुन्छ र ऊ आफैं आफ्नो कर्म को वास्तविकता हो; तर उसको यी समस्त क्रियाकलाप अल्लाहको ज्ञान, इच्छा र चाहना बाहिर जान सक्दैन ।

भाग्य माथिको आस्था चार चरणहरू माथि आधारित छ:

पहिलो: अल्लाहको अपार, व्यापक र सर्वव्यापी ज्ञान मा विश्वास ।

दोस्रो: कियामत सम्म हुने सम्पूर्ण कुराहरूलाई अल्लाहले लेखिसक्नु भएको कुरामा विश्वास ।

तेस्रो: अल्लाहको पूर्ण शक्ति र प्रभावकारी इच्छा मा विश्वास । उहाँ जे चहानु भयो त्यो भयो र जे चाहानु भएन त्यो भएन नत हुननै सक्छ ।

चौथो: अल्लाह नै हरेक कुराको सृष्टिकर्ता हुनुहुन्छ र उहाँ द्वारा सृष्टि गर्ने कार्य मा कोही साझेदार छैन भन्ने कुरामा विश्वास ।

## वजू गर्ने तरिका

महान अल्लाहले भन्नु भएको छ:

﴿إِنَّ اللَّهَ يُحِبُّ التَّوَّابِينَ وَ يُحِبُّ الْمُتَطَهِّرِينَ﴾[البقرة:٢٢٢]

“धेरै तौबा (पश्चाताप) र आफूलाई शुद्ध गर्नेहरूलाई अल्लाह प्रेम गर्नुहुन्छ ।” (अल्-बकरह : २२२)

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ: "जसले

मेरो यो वोजू जस्तै वोजू गर्छ, त्यस पछि दुई रकत सलाह पढ्छ तर आफूलाई सलाह बाहेक अन्य कुराहरूमा व्यस्त गर्दैन भने अल्लाहले उसका अघिल्लो पापहरू क्षमा गर्नु हुन्छ ।"

सलाह (नमाज) अति महत्वपूर्ण उपासना भएकोले अल्लाहले सलाह पढ्नु भन्दा पहिला हरेक किसिमको अपवित्रता बाट पवित्र हुन अनिवार्य गर्नु भएको छ, र यसलाई नमाज शुद्ध र सही हुने शर्त बनाएको छ । वजू लाई सलाहको साँचो को संज्ञा दिएको छ, ताकि यसको महत्वलाई महसुस गर्दै भक्तको मनमा सलाह कायम गर्ने चाहना उत्पन्न होस् । रसूल (सल्लल्लाहु अलैहिव सल्लम) ले भन्नु भएको छः पवित्रता आधा इमान हो..... र सलाह नुर (प्रकाश) हो ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छः जसले राम्रो सँग वोजू गर्दछ, उसका पापहरू उसको शरीर बाट झरेर जान्छ ।

अतः भक्तले वाह्य तथा आन्तरिक अपवित्रता बाट शुद्ध भएर पूर्ण निष्ठा को साथ रसूल (सल्लल्लाहु अलैहिवसल्लम) को अनुसरण गर्दै अल्लाहको उपासना गरोस् ।

निम्न लिखित कुराहरुको लागि अनिवार्य रूपमा वजू गर्नु पर्छ :

१)सलाहको लागि चाहे त्यो फर्ज (अनिवार्य) होस् वा सुन्नत (अतिरिक्त) ।

२) कअ्बाको तवाफ (परिक्रमा) को लागि ।

३) कुरआन लाई हातले स्पर्शगर्नु को लागि ।

पवित्र पानी ले वजू र स्नान गर्नुपर्छः

पवित्र पानीः पानीको रंग, स्वाद र गन्ध तीनवटै विशेषताहरू मध्ये कुनै पनि विशेषता अपवित्र गर्ने खालको कुनै कुरा को त्यस सित मिश्रित भएकोले परिवर्तन नभएको, र आफ्नो वास्तविक रूपमा रहेको पानी लाई पवित्र (शुद्ध) पानी भनिन्छ, चाहे त्यो वर्षा को पानी होस् वा इनारको ।

वोजू गर्ने तरिका चरण १ः नीयत गर्नु, नीयत हृदय बाट गरिन्छ । नीयत गर्नको अर्थ होः सर्वशक्तिमान् अल्लाहको सामीप्यता प्राप्ति को लागि इबादत (आराधना) गर्ने दृढ संकल्प र अठोट गर्नु हो ।

चरण२ः दुवै हात धुनु ।

चरण३ः मुख कुल्ला गर्नु ।

कुल्ला गर्नुः मुखमा पानी हालेर त्यस लाई मुख भित्र राम्रो सँग घुमाउनु अनि त्यस पछि पानी बाहिर फाल्नु ।

चरण४ः नाक सफा गर्नु ।

पहिलाः सास द्वारा नाक भित्र सम्म पानी तान्नु । अनि फेरी नाकमा रहेका फोहर लगायत पानी लाई बाहिर निकाल्नु ।

चरण५ः अनुहार धुनु

अनुहार को सीमाः

अनुहारः झट्ट हेर्दा देखिने नाक, मुख, आँखा आदि अङ्ग समेत टाउको को अगाडिको भाग अनुहार हो ।

चौडाईमाः एक कान देखि अर्को कान सम्म ।

लम्बाईमा: निधारमा रहेको कपाल देखि चिउँडो सम्म ।

अनुहारमा भएको हल्का रौंहरू, अनुहार र टाउको बीचको कपाल नभएको सेतो भाग र कानको अगाडि कपाल नभएको खाली भाग इत्यादि अनुहार मा समावेश छन् ।

सेतो को अभिप्राय: कपाल नभएको र कानको अगाडि खाली भाग ।

कानको समानान्तरमा भएको कपाल नभएको भाग सम्म ।

त्यस्तै गरी अनुहारमा रहेको बाक्लो दारी र कानको अगाडि भागमा भएका कपालहरू अनुहारमा समावेश छन् ।

चरण६: दुबै हात धुनु औंला देखि कुहिना सम्म ।

दुवै कुहिना हरू वोजूमा सामेल छन् ।

चरण७: दुवै हातले पूरै टाउको र कानलाई एकचोटि मसह गर्नु (घस्नु) ।

दुवै हातले निधार बाट मसह शुरु गरेर पछाडि गर्धन सम्म लैजानु अनि फेरि पछाडि देखि निधार सम्म मसह गर्नु ।

दुवै चोर औंलाहरू दुवै कानको भित्र पट्टि हाल्नु ।

अनि बूढी औंला दुवै कानको बाहिर पट्टि राख्नु अनि यसरी कानको भित्र र बाहिर मसह गर्नु (घस्नु) ।

चरण८: दुवै खुट्टा धुनु खुट्टाको औंला देखि गोलीगाँठो सम्म धुनु पर्छ । दुवै गोली गाँठो वजूमा सामेल छ ।

गोली गाँठो: खुट्टाको तल्लो भागमा भएका दुवै हड्डीहरू हुन् ।

निम्न लिखित कुराहरूले वजू भङ्ग हुन्छ:

१. गुप्ताङ्ग वा मलद्वार बाट केही निस्कियो भने वोजू भङ्ग हुन्छ जस्तैः दिसा, पिसाब, हावा, वीर्यर पानी (सेतो तरल पदार्थ) ।

२. गहिरो निद्रा वा बेहोशी वा मादकपदार्थ वा पागलपन ले अचेत हुँदा ।

३. स्नान अनिवार्य गर्ने सबैकुराहरु, जस्तै: सम्भोग, महिनावारी वा सुत्केरीको रगत निस्कदा ।

दिसा-पिसाब गरेपछि पानीले मलमुत्रलाई सफा गर्नु पर्छ । वा पानीबाहेक का ढुङ्गा, रूखको पात, माटो, टिशु पेपर, कपडा वा अन्य कुनै पवित्र वस्तुले मलमुत्रलाई ३ वा ३ भन्दा बढी पटक सफा गर्नु पर्दछ । तर पानीले सफा गर्नु उत्तम हो ।

## चर्मको मोजा र अन्य मोजा माथि मसह गॉर्नु

चर्म को मोजा वा अन्य वस्तु द्वारा निर्मित मोजा लगाएको अवस्थामा वजू गर्दा खुट्टा धुनुको साटो त्यसै माथि मसह गर्न जायज छ, तर केही शर्तहरू को साथ जुन यस प्रकार छन्:

१. सानो र ठूलो दुवै किसिमको अपवित्रता बाट पूर्ण शुद्ध भएर र खुट्टा राम्रो सँग धोइएर अर्थात वजूको हालतमा मोजा लगाएको हुनु पर्दछ ।

२. दुवै प्रकारको मोजा पवित्र हुनुपर्छ, अपवित्र हुनु हुँदैन ।

३. मसह का लागि तोकिएको अवधिमा हुनु पर्दछ ।

४. दुवै किसिमको मोजा हलाल हुनुपर्छ, चोरिएको वा खोसेर ल्याएको हुनु हुँदैन ।

खुफ: पातलो छाला बाट बनेको पाइला मा लगाउने मोजा हो, र

यसै जस्तो जुत्ता पनि हुन्छ जुन दुवै खुट्टा लाई छोप्दछ ।

जौरबः कपडा बाट बनेको सामान्य मोजा लाई जौरब वा (जोराब) को नामले चिनिन्छ ।

मोजा माथि मसह को मान्यताः

मानिसहरुको सहजता र सरलता का लागि मोजा माथि मसह गर्न वैधानिक गरिएको हो । किनभने बारम्बार मोजा फुकालेर खुट्टा धुन गाह्रोहुन्छ । खासगरी जाडो र अत्यधिक चिसोको समयमा वा यात्रा गर्दा ।

मसहको अवधिः स्थानीयलेः एक दिन र एक रात्री (२४घन्टा), यात्रीले : तीन दिन र तीन रात्री (७२घन्टा) ।

वजू भङ्ग भए पछि पहिलो पटक जब चर्म को मोजा वा अन्य मोजा माथि मसह गरिन्छ तब देखि मसहको अवधि आरम्भ हुन्छ ।

चर्म को मोजा वा अन्य मोजा माथि मसह गर्ने तरिकाः

१. दुवै हातहरू पानीले भिजाउनु होस् ।

२.खुट्टाको माथि पट्टिको भागमा मसह गर्नु होस् (खुट्टाको औंला देखि पछाडि सम्म माथि पट्टि को भाग मात्र) ।

३. दाहिने हातले दायाँ खुट्टा र देब्रे हातले देब्रे खुट्टालाई मसह (घस्नु) गर्नुहोस् ।

निम्न कुराहरूले मसह भङ्ग हुन्छः

१) जुन कुराहरूले अनिवार्य रुपमा नुहाउनु पर्छ ।

२) मसह अवधि समाप्त भए पछि ।

## स्नान

पुरूष वा महिलाले संभोग गरे पछि वा वीर्यस्खलित पछि (चाहे ब्यूँझे को अवस्थामा होस् वा निदाएको बेला) अनिवार्य रुपमा नुहाउनु पर्छ, नत्र सलाह पढ्न वा जुनकार्य को लागि पवित्रता शर्त छ त्यो काम गर्न मिल्दैन । त्यस्तै महिलाले रजस्वला वा सुत्केरीको रक्त स्राव समाप्ति पछि अनिवार्य रुपमा नुहाउनु पर्छ, नत्र सलाह पढ्न वा जुन कार्यको लागि पवित्रता शर्त छ त्यो काम गर्न मिल्दैन ।

नुहाउने तरिका:

मुस्लिम ले पवित्रता को नीयतले पूरै शरीरलाई पानीले राम्रो सँग भिजाउनु पर्याप्त हुन्छ, साथै कुल्ला गर्नु र नाकमा पानी हालेर सफा गर्नु पर्छ । त जब मान्छेले पूर्ण शरीरलाई पानले भिजाइहाल्छ त त्यो ठूलो अपवित्रताबाट पवित्र भइहाल्छ र त्यसलाई पूर्ण शुद्धता र पवित्रता प्राप्त भइहाल्दछ ।

ठूलो अपवित्रता पछि ननुहाएसम्म निम्न लिखित कार्यहरू गर्न निषेध गरिएको छ:

०१: सलाहपढ्न ।

०२: कअ्बाकोतवाफ (परिक्रमा) गर्न ।

०३: मस्जिदमा बस्न तर मस्जिदको बाटो भएर बिना बसिकन बाहिर जान जायज छ ।

०४: कुरआन छुन ।

०५: कुरआन पढ्न ।

## तयम्मुम

यदि कुनै मुस्लिमले पवित्रता ग्रहण गर्न पानी पाएन वा कुनै रोग इत्यादिले गर्दा पानीको प्रयोग गर्न असमर्थ छ र नमाजको समय समाप्त हुने डर छ भने यस्तो अवस्थामा तयम्मुम (माटोबाट पवित्रता प्राप्त गर्ने तरिका) गर्नु जायज छ ।

तयम्मुम को तरिका: दुबै हातले भुइँमा एक पटक घस्नु होस् अनि अनुहार र दुवैहातमा नाडी सम्म मल्नु होस्, तर शर्त के छ भने माटो पवित्र हुनु पर्छ ।

निम्न लिखित कुराहरूले तयम्मुम भङ्ग हुन्छ:

१) जुन कुराले वजू भङ्ग हुन्छ, त्यही कुराले तयम्मुम पनि भङ्ग हुन्छ ।

जुन ईबादतको लागित याम्मुम गरिएको छ त्यो सुरु गर्नु अघि यदि पानी उपलब्ध भयो वा पानी प्रयोग गर्न सक्षम छ तयाम्मुम भङ्ग हुन्छ ।

## सलाह पढ्ने तरिका

अल्लाहले हरेक मुस्लिम माथि दिन र रातमा पाँच पटक सलाह पढ्न अनिवार्य गर्नु भएको छ यी निम्नहुन्: फज्र, जुहर, अस्र, मग्रिब र ईशा । फज्रमा: २ रकअत , जुहरमा ४ रकत, अस्रमा ४ रकत, मग्रिबमा ३ रकत र ईशामा ४ रकत पढ्नु पर्छ ।

सलाहको तयारी गर्नु

सलाहको समय हुने बित्तिकै मुस्लिमले पवित्रता ग्रहण गर्छ र ठूलो अपवित्रता छ भने नुहाएर पवित्रता प्राप्त गर्छ ।

ठूलो अपवित्रता: यसलाई हदसे-अकबर भनिन्छ । यस्तो अवस्थामा अनिवार्य रूपमा नुहाउनु पर्छ ।

सानो अपवित्रताः यसलाई हदसे-असगर भनिन्छ । यस्तो अवस्थामा वजू गर्नु पर्याप्त हुन्छ ।

कुनै पनि मुस्लिमले आफ्नो गुप्ताङ्ग लाई पूर्ण रूपमा ढाक्ने खालको सफा लुगालगाएर जुन सुकै पवित्र स्थानमा सलाह पढ्न सक्दछ ।

सलाह पढ्ने बेला मुस्लिमले सके सम्म आफु सँग भएका उत्कृष्ट र अङ्ग ढाक्ने कपडा लगाउनु पर्दछ । अनि पुरुषले नाईटो देखि घुँडा सम्म छोप्नु अनिवार्य छ ।

महिलाले सलाह पढ्दा अनुहार र हातबाहेक सम्पूर्ण शरीर लाई छोप्नु अनिवार्य छ ।

सलाह पढ्दा इमाम (अगुवा) ले पढेको आयातहरू चुपचाप सुन्नु पर्ने हुन्छ । दुआ र प्रार्थना बाहेक अन्य कुरा गर्नु अनि यताउता फर्किनु वा दायाँबायाँ हेर्नु हुँदैन । यदि कसैले भर्खर इस्लाम ग्रहण गरेको छ र उसलाई केही आउँदैन भने उसले नमाज समाप्त नभए सम्म (सुबहनाल्लाह) (अल्हम्दुलिल्लाह) (अल्लाहु-अक्बर) पढ्नु पर्याप्त हुन्छ । तर सके सम्म सलाहका अनिवार्य कुराहरू छिट्टै सिक्नु र कण्ठ गर्नु राम्रो हो ।

सलाह पढ्ने तरिका

चरण १: नीयत अर्थात पढ्न लागेको फर्ज सलाहको हृदयमा नीयत गर्नु होस् ।

वजू गरे पछि म किब्लाह तर्फ अनुहार फर्काएर उभिएर सलाह पढ्दछु यदि म यस्तो गर्नुमा सामर्थ्यवान छु ।

चरण २: दुवै हातलाई काँध बराबर उठाएर अल्लाहु अकबर भन्दै सलाह आरम्भ गर्नुहोस् ।

चरण३: यो (दुआउल् –इसतिफताह) पढ्नु होस्: ‘सुब्हानकल्लाहुम्म वबिहम्दिक वतबारकस्मुक वतआलाजद्दुक वलाइलाह गैरूक’ ।

चरण ४: श्रापित शैतानबाट अल्लाहको शरणमा आउन यो दुआ पढ्नु होस्: ‘अऊजो बिल्लाहि मिनश्शैतानिर्रजीम’ ।

चरण ५: प्रत्येक रकात (चोटि) मा निम्न लिखित सूरत अल–फातिहा पढ्नु होस्:

﴿بِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ (1)

१) बिस्मिल्लाहिर्रहमानिर्रहीम ।

الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ(2)

२) अल्हम्दुलिल्लाही रब्बिल्आलमीन ।

الرَّحْمَنِ الرَّحِيمِ(3)

३) अर्रह्मानिर्रहीम ।

مَالِكِ يَوْمِ الدِّينِ (4)

४) मालिकि यौमिद्दीन ।

إِيَّاكَ نَعْبُدُ وَ إِيَّاكَ نَسْتَعِينُ(5)

५) इय्याक नाअबुदु वइय्याक नस्तईन् ।

اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ (6)

६) इह्दिनस्सिरातलमुस्तकीम ।

صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَ لَا الضَّالِّينَ(7)﴾.

७) सिरातल्लदीन अन्अम्त अलैहिम, गैरिल-मग्दूबि अलैहिम वलद्दाल्लीन ।

सूरह फातिहा पढिसकेपछि पहिलो र दोस्रो रकातमा कुनै अन्य

सूरह पढ्नु सुन्नत हो । सूरह पढ्नु अनिवार्य त छैन, तर उत्तम हो ।

चरण ६: त्यस पछि अल्लाहु-अकबर भन्दै रुकू गर्नु (झुक्नु) पर्छ । दुवै हातले दुवै घुँडा समाउनु, औंलाहरू खुला राख्नु अनि आफ्नो पीठ लाई सिधा परेर बराबर राख्नु सुन्नत हो । रुकूमा 'सुब्हान रब्बियल्-अजीम' पढ्नु पर्छ ।

चरण ७: रुकूपछि 'समिअल्लाहुलिमन्हमिदह' भन्दै दुवैहात काँध सम्म उठाउँदै सिधा उभिएर 'रब्बना वलकल्-हम्द' भन्नु पर्छ ।

चरण ८: त्यस पछि 'अल्लाहु-अकबर' भन्दै सज्दा (ढोग) गर्नु पर्छ । दुवैहात, दुवैघुँडा, दुवैखुट्टा र निधार नाक सहित भुईमा टेकेर सज्दा (ढोग) गर्नु पर्छ अनि 'सुब्हान रब्बियल्-आला' भन्नु पर्छ ।

चरण ९: त्यस पछि 'अल्लाहु-अकबर' भन्दै बायाँ खुट्टा पल्टाएर त्यसमाथि नितम्ब राखेर पीठ सिधा गरेर बस्नु पर्छ र दायाँ खुट्टा लाई सीधा ठाडो पारेर राख्नु पर्छ अनि (रब्बिग्फिरली) पढ्नु पर्छ ।

चरण १०: फेरी 'अल्लाहु-अकबर' भन्दै पहिले झैं दोस्रो सज्दा (ढोग) गर्नुपर्छ ।

चरण ११: अल्लाहु-अक्बर भन्दै सज्दा (ढोग) बाट सीधा उभिनु पर्छ अनि पहिलो रकातमा गरेझैं बाँकी रकातहरू पुरा गर्नु पर्छ ।

यदि जुहर, अस्र, मगरिब र ईशाको सलाह हो भने दोस्रो रकात पछि पहिलो तशाहहुदमा बसेर निम्न दुआ पढ्नु पर्छ: (अत्तहीयातु लिल्लाहि वस्सलवातु वत्तैयेबातु अस्सलामु अलैक अय्योहन्नबीयो वरहमतुल्लाहि वबरकातुहु अस्सलामु अलैना वअला एबादिल्लाहिस्सालेहीन, अश्हदु अल्लाइलाह इल्लल्लाहु

वअश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह) । त्यस पछि तेस्रो रकातको लागि उभिएर बाँकी रकात पुरा गर्नु पर्छ ।

हरेक सलाहको अन्तिम रकात पछि बसेर अन्तिम तशह्हुदमा पहिले अत्तहीयात र त्यसपछि 'दरुद-शरीफ' पढ्नुपर्छ: (अत्तहीयातु लिल्लाहि वस्सलवातु वत्तैयेबातु अस्सलामु अलैक अय्योहन्नबीयो वरह्मतुल्लाहि वबरकातुहु अस्सलामु अलैना वअला एबादिल्लाहिस्सालेहीन, अश्हदु अल्लाइलाह इल्लल्लाहु वअश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह) । (अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा सल्लैत अला इब्राहीम्, व अला आलि इब्राहीम इन्नक हमीदुम्मजीद । अल्लाहुम्म बारिक अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा बारक्त अला इब्राहीम्, व अला आलि इब्राहीम, इन्नक हमीदु म्मजीद) ।

चरण १२: त्यस पछि पहिला दायाँ तर्फ गर्धन घुमाउदै 'अस्सलामु अलैकुम व रह्मतुल्लाह' भन्नु पर्छ, अनि फेरी बायाँ तिर गर्धन घुमाउदै 'अस्सलामु अलैकुम व रह्मतुल्लाह' भन्नु पर्छ । यसरी तपाईंको सलाह सम्पन्न हुन्छ ।

## मुस्लिम महिलाको पर्दा

महान अल्लाहले भन्नु भएको छ:

﴿يَا أَيُّهَا النَّبِيُّ قُلْ لِأَزْوَاجِكَ وَ بَنَاتِكَ وَ نِسَاءِ الْمُؤْمِنِينَ يُدْنِينَ عَلَيْهِنَّ مِنْ جَلَابِيبِهِنَّ ذَلِكَ أَدْنَى أَنْ يُعْرَفْنَ فَلَا يُؤْذَيْنَ وَ كَانَ اللَّهُ غَفُورًا رَحِيمًا﴾[الأحزاب:٥٩]

हेनबी, आफ्ना श्रीमतीहरू, छोरीहरू र मोमिनहरूका श्रीमतीहरू लाई भनिदिनु होस्, उनीहरू आफ्ना अनुहार पछ्यौरीले छोपेर बाहिर निस्कुन् । ताकि उनीहरू को पहिचान होस्र बाटोमा कसैले दु:ख

नदियोस् । अल्लाह अत्यधिक माफगर्ने वाला र दया गर्नेवाला हुनु हुन्छ ।(अल्-अहजाब: ५९)

अल्लाहले मुस्लिम नारीलाई गैर-महरम (पर-पुरुष) सँग पर्दा (हिजाब) गर्न, आफ्नो संवेदनशील अङ्ग र पूर्णशरीर लाई चलन चल्तीमा रहेको पोशाकले ढाक्न आदेश दिनु भएको छ । महिलाले आफ्नो श्रीमान वा महरम बाहेक अरू कसैको अगाडि घुम्टो (पर्दा) फुकाल्नु जायज छैन । जो सँग विवाह गर्न अनुमति छैन उसलाई महरम भनिन्छ, र ती हुन् :(बुवा, हजुरबुवा वा यस भन्दा माथि । छोरा, नाति वा यसभन्दा तल । काकाहरू, मामाहरू, दाजुभाइ, भतिजा, भान्जा, सौतेला बुवा, ससुराबा वा यस भन्दा माथि, सौतेनी छोरा वा यसभन्दा तल र जुवाई । दूधको नाताले तीसबै नाताहरू अवैध हुन्छन् जुन हाड नाता बाट अवैध हुन्छ ।

मुस्लिम महिलाले लुगा फाटा लाउँदा निम्न लिखित नियमहरूको पालना गर्नु पर्छः

पहिलोः सम्पूर्ण शरीरलाई ढाक्ने खालको कपडा हुनु पर्छ ।

दोस्रोः पातलो र अङ्ग देखिने पारदर्शी कपडा नहोस् ।

तेस्रोः पातलो र अङ्ग देखिने पारदर्शी कपडा नहोस् ।

चौथोः अङ्गको आकार देखिने कसिलो र छोटो लुगा नहोस्, त्यसैले पोशाक फराकिलो र खुकुलो हुनु पर्दछ ।

पाँचौंः अत्तर वा परफ्युम लगाइएको सुगन्धित लुगा नहोस् ।

छैठौं : पुरुषले लगाउने पोशाक सँग मिल्दा-जुल्दा नहोस् ।

सातौंः गैर-मुस्लिम महिलाहरूले उपासना र चाडपर्वमा लगाउने

विशेष पोसाक नहोस् ।

## आस्थावानका केही विशेषताहरू

महान अल्लाहले भन्नु भएको छ:

﴿إِنَّمَا الْمُؤْمِنُونَ الَّذِينَ إِذَا ذُكِرَ اللَّهُ وَجِلَتْ قُلُوبُهُمْ وَ إِذَا تُلِيَتْ عَلَيْهِمْ آيَاتُهُ زَادَتْهُمْ إِيمَانًا وَ عَلَى رَبِّهِمْ يَتَوَكَّلُونَ﴾[الأنفال:٢]

वास्तविक मोमिनहरू केवल ती हुन्, जब उनीहरू अल्लाहलाई याद गर्छन् तब तिनीहरुका हृदयमा डर पैदा हुन्छ । जब उनीहरू लाई कुर्आन पढेर सुनाइन्छ तब उनीहरू को ईमानमा बढोत्तरी हुन्छ । उनीहरू मात्र आफ्ना पालनकर्ता माथि भरोसा राख्छन् । (अल्-अन्फाल : २)

सत्य बोल्छ, झुठो बोल्दैन ।

वाचा र करार पूरा गर्छ ।

झगडा मा गाली गलौज गर्दैन ।

अमानत (नासो) लाई सुरक्षित राख्छ ।

जुन कुरा आफ्नो लागि रोज्छ त्यही कुरा आफ्नो मुस्लिम दाजुभाइको लागि पनि रोज्छ ।

उदार र मनको धनीहुन्छ ।

नातेदार सँग राम्रो सम्बन्ध राख्छ ।

मानिसहरू सँग राम्रो व्यवहार गर्छ ।

अल्लाहको फैसलामा राजी र सन्तुष्ट हुन्छ, सुखमा उहाँको कृतज्ञता व्यक्त गर्छ र दु:खमा धैर्य गर्छ ।

ऊलजालु र सभ्य हुन्छ ।

अरू माथि दया गर्छ ।

उसको हृदय इर्ष्या, डाहा जस्ता रोग बाट शुद्ध हुन्छ । कसै माथि अन्याय गर्दैन ।

अरूलाई क्षमा गरि दिन्छ ।

उसले ब्याज खादैन र ब्याजको कारोबार पनि गर्दैन ।

उसले व्यभिचार गर्दैन ।

उसले रक्सी पिउँदैन ।

आफ्ना छरछिमेकीहरू संग राम्रो व्यवहार गर्छ ।

उसले नत दमन गर्छ नविश्वासघात नै ।

उसले नत चोरी गर्छ नधोका दिन्छ ।

ऊ आफ्ना आमाबुवा प्रति वफादार र निष्ठावान हुन्छ, चाहे उनीहरू गैरमुस्लिम नै होउन । जायज कुरामा उनीहरूको आज्ञा पालन र उत्कृष्ट व्यवहार गर्छ ।

उसले आफ्ना बच्चाहरूलाई सद्गुणको तालिम दिन्छ, इस्लामले अनिवार्य गरेका कुराहरूको पालना गर्न आदेश दिन्छ र उनीहरूलाई अनैतिक र वर्जित (हराम) कार्य हरू गर्न मनाही गर्दछ ।

ऊ गैर मुस्लिमहरूको धार्मिक कार्यहरू, विशेष धार्मिक अर्थ बोकेका चिन्हहरू को प्रयोग र अनुकरण गर्दैन ।

## मेरो खुशी मेरो इस्लाम धर्म मा हो

महान अल्लाहले भन्नु भएको छ:

﴿مَنْ عَمِلَ صَالِحًا مِنْ ذَكَرٍ أَوْ أُنْثَى وَ هُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُ حَيَاةً طَيِّبَةً وَ لَنَجْزِيَنَّهُمْ أَجْرَهُمْ بِأَحْسَنِ مَا كَانُوا يَعْمَلُونَ﴾[النحل:٩٧]

जसले सत्कर्म गर्छ चाहे ऊपुरुष होस् वा महिला, यदि ऊ आस्थावान हो भने हामी उसलाई दुनियाँमा सुखमय जीवन प्रदान गर्नेछौं र उसले गरेका सत्कर्मको उत्तम बदला आखिरतमा दिनेछौं ।(अन्-नहल: ९७)

एउटा मुस्लिमको एकदमै खुशी र गर्वको क्षणमा ऊ आफ्नो पालनकर्ता (अल्लाह) सँग प्रत्यक्ष तरिकाले खुसी गर्न सक्छ । कुनै पनि महान जीवित र मृत व्यक्तित्व वा प्रतिमा को माध्यम चाहिँदैन । अल्लाह आफ्ना भक्तहरू सित सधैं नजिक हुनु हुन्छ, उनीहरूको गुहार लाई सुन्नु हुन्छ र पुरा गर्नु हुन्छ । अल्लाहले भन्नु भएको छः

﴿وَ إِذَا سَأَلَكَ عِبَادِى عَنِّى فَإِنِّى قَرِيبٌ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ فَلْيَسْتَجِيبُوا لِى وَ لْيُؤْمِنُوا بِى لَعَلَّهُمْ يَرْشُدُونَ﴾[البقرة:١٨٦]

यदि मेरा भक्तहरू मेरो बारेमा तपाईं लाई सोध्छन् भने भनि दिनुहोस्, म उनीहरू देखि एकदमै नजिक छु, पुकार्ने वालाको पुकारलाई स्वीकार गर्छु । अतः उनीहरूले मलाई पुकारून् मेरो आदेशको पालना गरुन् । आशा छ उनीहरूले ठीक तरिका अपनाउने छन् ।(अल्-बकरह : १८६)

अल्लाहले हामीलाई दुआ गर्न आदेश दिनु भएको छ । आफ्नो प्रभु सित नजिकिने सबै भन्दा ठूलो साधन भनेको दुआ हो, अल्लाहले भन्नु भएको छः

﴿وَ قَالَ رَبُّكُمُ ادْعُونِى أَسْتَجِبْ لَكُمْ﴾[غافر:٦٠]

"तिम्रा पालनकर्ताले भन्नु भएको छः मलाईनै पुकार, म तिमीहरूको पुकार सुन्दछु ।"(गाफिर: ६०)

सच्चा मुस्लिमले सँधै आफ्नो ईश्वर सित सुमधुर सम्बन्ध राख्छ । उहाँ सित सधैं दुआ गर्छ र सत्कर्म गरेर उहाँ सँग नजिक हुन्छ ।

अल्लाहले हामीहरू लाई एउटा महान उद्देश्यको लागि यस

ब्रह्माण्डमा सृष्टि गर्नु भएको हो । उहाँले हामीलाई व्यर्थै सृष्टि गर्नु भएको होइन; त्यो उद्देश्य के हो भने मात्र उहाँको उपासना गर्नु र उहाँको उपासनामा अरुकसैलाई साझेदार नगर्नु । उहाँले हामीलाई यस्तो ईश्वरीय धर्म प्रदान गर्नु भएको छ, जसमा हाम्रा निजी र सार्वजनिक सबै मामिलाहरूलाई स्पष्ट पारेको छ । यो न्यायपूर्ण विधि विधान (शरिया) द्वारा जीवन का मौलिक हक अधिकार; जीउ, धन, बुद्धि, बंश र धर्मको सुरक्षाको प्रत्या भूति प्रदान गरेको छ । जो कोही इस्लामी आदेशहरूको पालना गर्छ र वर्जित कार्यहरू बाट टाढा बस्छ उसको जीवन एकदमै सहज र सुखमय हुन्छ ।

एउटा मुस्लिम भक्तको सम्बन्ध आफ्नो पालनकर्ता सँग जति गहिरो हुन्छ, उसले त्यतिनै सुख, शान्ति, समृद्धि र खुशी प्राप्त गर्छ । ऊ जहाँ भएपनि, म सँग मेरो अल्लाह हुनु हुन्छ र मेरो लागि उहाँनै पर्याप्त हुनुहुन्छ भन्ने उसलाई महसुस हुन्छ । अल्लाहले भन्नु भएकोछः

﴿اللَّهُ وَلِيُّ الَّذِينَ آمَنُوا يُخْرِجُهُمْ مِنَ الظُّلُمَاتِ إِلَى النُّورِ﴾[البقرة:٢٥٧]

अल्लाह मोमिनहरूका संरक्षक हुनुहुन्छ । उहाँले उनीहरूलाई अन्धकारहरू बाट निकाले र प्रकाश तर्फ डोर्याउनु हुन्छ । (अल्-बकरह : २५७)

यो एक भावनात्मक सम्बन्ध हो जसले परमदयालु अल्लाहको उपासनामा एकदमै हर्ष र उमंग मिल्छ, उहाँलाई भेट्न आतुर हुन्छ र ईमानको मिठास महसुस गरेर ऊ खुशीले गदगद हुन्छ ।

वास्तवमा ईमानको मिठास र आनन्दको वर्णन मात्र

त्योव्यक्तिले गर्न सक्छ जसले अल्लाहको आदेशको पालना गरेर र हराम कार्य बाट टाढा रहेर यसको वास्तविक आनन्द लिएको छ । त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छः"जसले अल्लाहलाई सृष्टिकर्ता, इस्लाम लाई धर्म र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई रसूल मानेर आत्मसात गरेको छ, उसले मात्र ईमानको स्वाद चाखेको छ ।"

हो, यदि कुनै व्यक्तिले आफ्नो सृष्टिकर्ताको अगाडि आफ्नो वास्तविक उपस्थिति महसुस गर्दछ, आफ्नो सृष्टिकर्ता लाई उहाँका नामहरू र अत्यन्तै सुन्दर गुणहरूले चिन्छ, उहाँको उपासना गर्दा उहाँ लाई देखि रहेको महसुस गर्छ र निष्ठा भएर मात्र उहाँको उपासना गर्छ भने उसले यस संसारमा सुखमय र आनन्दित जीवन बिताउने छ र आखिरत मा उत्कृष्ट परिणाम प्राप्त गर्नेछ ।

यहाँ सम्मकि मोमिन ले भोग्नु परेको दुःख, पीडा, विपत्ति इत्यादि सबै ईमानको शक्ति, भाग्य माथिको आस्था र अल्लाहको फैसलामा पूर्ण सन्तुष्टिले विलिन अर्थात परास्त हुन्छ ।

सुख, शान्ति र समृद्धि निरन्तर रुपमा चाहनु हुन्छ भने अल्लाहको अत्याधिक स्मरण गर्नु होस्र गुणगान गाउनुहोस्, त्यसैगरी कुर्आनको तिलावत (पाठ) गर्नु होस् । अल्लाहले भन्नु भएको छः

﴿الَّذِينَ آمَنُوا وَ تَطْمَئِنُّ قُلُوبُهُمْ بِذِكْرِ اللَّهِ أَلَا بِذِكْرِ اللَّهِ تَطْمَئِنُّ الْقُلُوبُ﴾[الرعد: ٢٨]

अल्लाहको गुणगान र प्रशंसा बाट आस्थावानका हृदयमा सन्तुष्टि प्राप्त हुन्छ, अल्लाहको स्मरण बाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन् ।(अर्राद : २८)

मुस्लिमले जति धेरै अल्लाहको गुणगान, प्रशंसा र कुर्आनको तिलावत (पाठ) गर्छ, त्यसरी नै अल्लाह सँग उनको सम्बन्ध बढ्दै जान्छ र उसको आत्मको शुद्धिकरण र उसको विश्वास बलियो हुन्छ ।

त्यसैगरी मुस्लिमले इस्लामको सही र भरपर्दो स्रोतबाट ज्ञान सिक्न उत्सुक हुनु पर्दछ ताकि उसले सही तरिकाले पूर्ण विश्वासका साथ अल्लाहको उपासना गर्न सकोस् । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ: (प्रत्येक मुस्लिमले अनिवार्य रुपमा ज्ञान सिक्नु पर्छ) । आफुलाई पूर्ण रुपमा आफ्नो सृष्टिकर्ता; अल्लाहको आज्ञा प्रति समर्पित गर्नु पर्छ, चाहे त्यसको अभिप्राय थाहा होस् वा नहोस् । अल्लाहले भन्नु भएको छ:

﴿وَ مَا كَانَ لِمُؤْمِنٍ وَ لَا مُؤْمِنَةٍ إِذَا قَضَى اللَّهُ وَ رَسُولُهُ أَمْرًا أَنْ يَكُونَ لَهُمُ الْخِيَرَةُ مِنْ أَمْرِهِمْ وَ مَنْ يَعْصِ اللَّهَ وَ رَسُولَهُ فَقَدْ ضَلَّ ضَلَالًا مُبِينًا﴾[الأحزاب :٣٦]

कुनै पनि मामिलामा अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को निर्णय आएपछि मोमिन पुरुष र महिलाको लागि त्यसलाई स्वीकार गर्ने वा नगर्ने विकल्प बाँकी रहदैन । जुन मानिसहरू अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अवज्ञा गर्छन् तिनीहरू स्पष्ट रूपमा पथभ्रष्ट हुन्छन् । (अल्-अहजाब : ३६)

वसल्लल्लाहु अला नबीयेना मुहम्मद व अला आलेही व सहबेही अजमईन ।

समाप्त

विषयसूची

संख्या

बिषय

पृष्ठ

आवरण मा फर्कन

विषयसूची मा जानुहोस्

पुस्तक बारे आफ्नो अनुभव दिनुहोस्

कृपया वेबसाइट हेर्नुहोस्

मोबाइल अन्तर्क्रियात्मक पुस्तक

शीर्षकमा जान क्लिकगर्नु होस्

आवरणमा फर्कन तस्वीरमा क्लिकगर्नु होस्

बारकोड स्क्यान गर्नुहोस्

शैक्षिक प्रस्तुति (PowerPoint)

परियोजनाका केही उत्पादनहरू

छापिएको पुस्तक

मोबाइल पुस्तक

वेबसाइट

पावरपोइन्ट प्रस्तुति

स्मार्टफोन संस्करण

# सारांश

भूमिका ........................................................................ 4
मेरोईश्वर (प्रतिपालक), अल्लाह हो..............................................7
मेरो नबी, मुहम्मद (सल्लल्लाहुअलैहिवसल्लम) हुनुहुन्छ......10
पवित्र कुरआन, मेरो प्रति पालक को वाणी हो.........................11
इस्लाम का आधार हरूको परिचय ...........................................12
दोस्रो आधार : सलाह कायम गर्नु (नमाज आयोजित गर्नु).13
चौथो आधार : रमजान महिना को ब्रत बस्नु..........................15
पाँचौं आधार: अल्लाहको पवित्र घरको हज्ज गर्नु....................16
ईमानका ६ वटा आधारहरू ......................................................17
पहिलो आधार: अल्लाह माथि आस्था राख्नु...............................18
दोस्रो आधार : फरिश्ताहरू माथि (स्वर्गदूतहरूमाथि).............19
आस्था राख्नु..............................................................................19
तेस्रो आधार: किताबहरू माथि (ईश्वरीय ग्रन्थहरू माथि)
आस्था राख्नु..............................................................................20
चौथा आधार: रसूल (सन्देष्टा) हरू माथि आस्था राख्नु...........23
पाँचौं आधार: अन्तिम दिन (प्रलयको दिन) माथि..................24
आस्था राख्नु..............................................................................24
छैठौ आधार: राम्रो-नराम्रो भाग्य माथि आस्था राख्नु..............24
वजू गर्ने तरिका.........................................................................25
चर्मको मोजा र अन्य मोजा माथि मसह गॊर्नु......................29

स्नान ..................................................................................................31
तयम्मुम.............................................................................................32
सलाह पढ्ने तरिका.........................................................................32
मुस्लिम महिलाको पर्दा ......................................................................36
आस्थावानका केही विशेषताहरू .......................................................38
मेरो खुशी मेरो इस्लाम धर्म मा हो ................................................39

# Get to know more about Islam

## in more than
# 100 languages

موسوعة الأحاديث النبوية
HadeethEnc.com

Accurate translations of Prophetic Hadiths and their explanations in more than (60) languages.

بيان الإسلام
byenah.com

Selected materials to introduce and teach Islam in more than (120) languages.

موسوعة القرآن الكريم
QuranEnc.com

Accurate translations of the meanings of the Quran in more than (75) languages.

موسوعات وخدمات إسلامية باللغات
s.islamenc.com

For more websites in world languages (s.islamcontent.com)

جامع المحتوى الإسلامي باللغات
islamcontent.com

Various and comprehensive Islamic materials in more than (125) languages.

ما لا يسع أطفال المسلمين جهله
kids.islamenc.com

Questions and answers for Muslim children and public in more than (40) languages.

جمعية خدمة المحتوى الإسلامي باللغات

جمعية الدعوة وتوعية الجاليات بالربوة




978-603-8450-20-8

Ne182